मिति २०८३/०२/१० गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाका श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सविता राईज्यूको अध्यक्षतमा बसेको गाउँकार्यपालिका बैठकमा निम्न उपस्थिति बीच तपशिलका प्रस्तावहरू उपर छलफल गरी देहाय बमोजिम निर्णयहरू सर्वसम्मतिबाट पारित गरियो ।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सविता राई | कार्यवाहक अध्यक्ष | | ९८६३९१००३४ |
| २ | घनराज सुनुवार | १ नं. वडा अध्यक्ष | | ९८५१०४७२४४ |
| ३ | युजन बस्नेत | २ नं. वडा अध्यक्ष | | ९८५२८३१८४८ |
| ४ | ईन्द्रमणि दाहाल | ३ नं. वडा अध्यक्ष | | ९८६९२२५०१४ |
| ५ | श्यामकुमार गुरुङ | ४ नं. वडा अध्यक्ष | | ९८५१००९०८७ |
| ६ | चन्द्र बहादुर राई | ५ नं. वडा अध्यक्ष | | ९८४४९५२५५ |
| ७ | महेन्द्रदीप राई | ६ नं. वडा अध्यक्ष | | ९८५१०६४७५८ |
| ८ | भोजराज कार्की | ७ नं. वडा अध्यक्ष | | ९८५२८५१००७ |
| ९ | राजेश राई | ८ नं. वडा अध्यक्ष | | ९८६१२१२०७८ |
| १० | सन कुमार तामाङ | ९ नं. वडा अध्यक्ष | | ९८६९८०६५९५ |
| ११ | बुद्धिराज राई | कार्यपालिका सदस्य | | ९८६१०६५७५८ |
| १२ | डिल्ली वि.क. | कार्यपालिका सदस्य | | ९८६०६३४७७७ |
| १३ | सरिता राई | कार्यपालिका सदस्य | | ९८६२४२२३५०. |
| १४ | तमुना राई | कार्यपालिका सदस्य | | ९८४१९४३८६२ |
| १५ | तारा देवी श्रेष्ठ | कार्यपालिका सदस्य | | ९८६२१२३५३१ |
| १६ | सर्मिला हिङमाङ | कार्यपालिका सदस्य | | ९७४५२७४३४० |
| १७ | नवराज कोइराला | सचिव | | ९८५२८६६१२३ |

**प्रस्ताव:-**

१. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधी,२०७७ संशोधन सम्बन्धमा ।
२. एम्बुलेन्स संचालन निर्देशिका २०७९,संशोधन तथा थुलुङ दुधकोशी गाउँपालिकाको कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि २०८३ स्वीकृत सम्बन्धमा ।
३. योजना प्रस्ताव स्वीकृत तथा भुक्तानी सम्बन्धमा ।
४. १० शैयाको अस्पतालको म्याद थप सम्बन्धमा ।
५. थुलुङ दुधकोशी खेलग्रामको भेरिएसन सम्बन्धमा ।
६. थुलुङ दुधकोशी अस्पतालको लागी आवश्यक औजार उपकरण तथा मेशनरी सामाग्री खरिद सम्बन्धमा ।
७. वार्षिक स्वीकृत योजनाको कार्यन्वयन तथा भुक्तानी सम्बन्धमा ।
८. गाउँपालिकाको शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
९. विविध ।

निर्णय

१. थुलुङ दुधकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०७७/०९/२७ मा स्वीकृत **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७७** को दफा ४ को उपदफा (३) खारेज गरी सोही ठाउँमा देहायको व्यवस्था राखिने निर्णय गरियो ।
म्याद नाघेको छ महिना वा सोभन्दा बढी समय भएका निर्माण व्यवसायीले इजाजतपत्र नवीकरण गराउन चाहेमा सबै प्रक्रिया पूरा गरी निवेदन दिनु पर्नेछ । यस्तो अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-२ बमोजिमको आर्थिक ऐनमा उल्लिखित नवीकरण दस्तुर र थप दस्तुर (म्याद नाघेको प्रत्येक आर्थिक वर्षको लागि) लिई इजाजतपत्र नवीकरण गरिदिनेछन् ।
२. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७९' को अनुसूची-१ मा उल्लेखित शुल्क सम्बन्धी दररेटलाई तपसिल बमोजिम परिमार्जन/संशोधन गर्ने निर्णय गरियो । साथै थुलुङ दुधकोशी गाउँपालिकाको **'कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८३'** लाई छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।
३. चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमहरूमध्ये कार्यपालिकाको आवश्यकता र प्राथमिकताका आधारमा देहाय बमोजिमका योजना, कार्यक्रम तथा प्रशासनिक खर्चहरू प्रस्ताव भई आएकोमा कार्यक्रम तथा योजनाहरु सञ्चालन तथा भुक्तानीका लागि स्वीकृत गर्ने निर्णय गरियो ।
   - थुलुङ दुधकोशी गाउँपालिका वडा नं.९ लोखिम र सोताङ गाउँपालिका जोड्ने सडक ट्र्याक ओपन रु.२ लाख ७५ हजार
   - दुधकोशी नदी वर्खुघाटमा जडान गरिएको ह्यूम पाईप निकालने कार्य रु.३ लाख
   - कार्यालयको लागी इन्धन खरिद रु.६ लाख
   - गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको स्थानीय भत्ता रु.५ लाख ७० हजार
   - सवारी साधन मर्मत संम्भार रु.५ लाख

- थुलुङ दुधकोशी अस्पतालामा कार्यरत कर्मचारीहरुको नपुग पारिश्रमिक रु. ७ लाख
- गाउँपालिका भित्रका सडकहरुको सरसफाई तथा मर्मत संम्भार रु.५ लाख ३६ हजार
- नेचासल्यान कृषि पर्यटन तथा साँस्कृतिक कार्यक्रम महोत्सवका लागी अनुदान रु.१ लाख
- कक्षा ८ को परिक्षा संचालन तथा व्यवस्थापन खर्च रु.२ लाख ५० हजार

४. थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ५, जुबुमा निर्माणाधीन १० शैयाको आधारभूत अस्पताल भवन निर्माण (Construction of 10 Beded Thulung Dudhkoshi Primary Hospital Contract ID:TDRM/NCB/W/HB/02-2079-80) कार्यको लागी सम्झौता भएको अवधि समाप्त भएकोले दुधकोशी नदीमा ह्युम पाईप नभएको.वेमौसमी वर्षा, र बजारमा भएको तिब्र मूल्य बृद्धीका कारणले गर्दा तोकिएको समयभित्र कार्य सम्पन्न हुन नसकेको भनी म्याद थपका लागी निर्माण व्यवसायीले मिति २०८२/१२/२५ गते गाउँपालिकामा निवेदन दर्ता हुन आएकोले प्राविधिक शाखाको कार्यप्रगति प्रतिवेदन तथा सिफारिस उपर छलफल गरियो। सार्वजनिक खरिद ऐन तथा नियमावली मा भएको म्याद थप सम्बन्धी व्यवस्था अनुसार उक्त अस्पताल भवन निर्माण कार्य सम्पन्न गर्नका लागी मिति २०८३/११/१० गते सम्मका लागि म्याद थप स्वीकृत गर्ने निर्णय गरियो।

५. थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ६, मुक्लीमा निर्माणाधीन थुलुङ दुधकोशी खेलग्राम (Thulung Dudhkoshi Khelgram Stadium, Contract Id: TDRM/NCB/W/KG-01-2079/2080) निर्माण कार्यका लागि ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायी ***श्री राम साग/नेपाल फुलवारी जे.भी.*** ले भेरिएसन आदेश (Variation Order) स्वीकृतिका लागि मिति २०८२/१२/१७ गते यस कार्यालयमा निवेदन पेश गरेको सम्बन्धमा उक्त कार्यको भेरिएसन प्रतिवेदनको प्राविधिक तथा प्रशासनिक पक्षको सान्दर्भिकता जाँचबुझ, अध्ययन तथा छानविन गरी दश (१०) दिन भित्रमा प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको **"जाँचबुझ तथा छानविन समिति"** गठन गर्ने निर्णय पारित गरियो ।

<u>तपसिल</u>

- घनराज सुनुवार - संयोजक
- महेन्द्र दीप राई -सदस्य्
- भोजराज कार्की - सदस्य्
- काली बहादुर रावत - सदस्य्
- मनोज रावल -सदस्य्
- शरण कुमार राई - सदस्य्
- नन्द राज गुरुङ सदस्य्
- श्री राम सागर/नेपाल फुलवारी जे.भी. प्राविधिक प्रतिनिधि- सदस्य्
- नागेन्द्र बस्नेत - सदस्य् सचिव

६. आर्थिक वर्ष २०८२/८३ मा थुलुङ दुधकोशी अस्पताल सञ्चालन तथा सुदृढीकरण योजनाका लागि संघीय सरकारको विशेष अनुदान तर्फबाट बजेट प्राप्त भएको सन्दर्भमा; अस्पतालको सेवालाई प्रभावकारी र सुदृढ बनाउनका लागी अति आवश्यक रहेका औजार, उपकरण तथा मेसिनरी सामग्रीहरू चालू आर्थिक वर्षकै कार्यक्रम र बजेटको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) मा व्यवस्था भए बमोजिमको विधि र प्रक्रिया अपनाई खरिद गर्ने निर्णय गरियो।

७. थुलुङ दुधकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत योजना तथा तपसिलका कार्यक्रमहरू कार्यान्वयन गर्ने सिलसिलामा देउसा माध्यमिक विद्यालयको भवन निर्माण कार्यको लागी सोही विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई र सोलुखुम्बु जिल्ला थुलुङ दुधकोशी गा.पा. मा ओगानेम दरबार निर्माण तथा ओगानेम दरबारसँग सम्बन्धित योजना तथा कार्यक्रमहरू बृहत ओगानेम दरबार क्षेत्र विकास समितिलाई नियमानुसार स्वीकृत कार्यक्रमको परिधिभित्र रही संचालन तथा कार्यान्वयन गर्नका लागि आवश्यक अनुमति दिने सर्वसम्मत निर्णय गरियो।

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम (देउसा मा.वि. देउसा)
- सोलुखुम्बु जिल्ला थुलुङ दुधकोशी गा.पा मा ओगनेम दरबार निर्माण

८. थुलुङ दुधकोशी गाउँपालिकाको मिति २०८३ साल जेठ १० गते बसेको गाउँ शिक्षा समितिको बैठकबाट भएका सम्पूर्ण निर्णयहरू र पेश गरिएका प्रस्तावहरूका सम्बन्धमा विस्तृत छलफल गरियो। उक्त शिक्षा समितिले पालिकाको शैक्षिक सुधार र व्यवस्थापनका लागि गरेका निर्णयहरू हुबहु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. विविध:-

- यस गाउँपालिकाको वडा नं. ९ चन्दने निवासी श्री वर्खमान तामाङको छोरा वर्ष ५७ की श्री पिङ तामाङको घर अगाडी रहेको भान्सा घर मिति २०८२/११/२७ गते बेलुका अन्दाजी २०:३० बजेको समयमा अचानक लागेको आगोले उक्त भान्सा घर र सो भित्रका रहेका सामाग्रीहरु समेत जलेर नष्ट् भई क्षति भएको भनि राहतको लागी ९ नं. वडा कार्यालयले गाउँपालिकालाई सिफारिस गरेको पत्र बमोजिम निज पिङ तामाङलाई रु.१०,०००।०० (अक्षेरुपी रु.दश हजार मात्र।) आर्थिक सहायता दिन निर्णय गरियो।